**माउण्टेन इनर्जी नेपाल लि. को**
**सातौ वार्षिक साधारण सभाको**
**माइन्यूट**

यस माउण्टेन इनर्जी नेपाल लि. को संचालक अध्यक्ष श्री सुहृद राज घिमिरेज्यूको अध्यक्षतामा देहायको स्थान, मिति र समयमा कम्पनीको सातौं वार्षिक साधारण सभा सम्पन्न भयो । सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्नबमोजिम निर्णय गऱ्यो ।

१. सभाभएको स्थानमिति र समय :-
स्थान :- स्थान :- Amrapali Banquet Catering & Events,काठमाण्डौ भाटभटेनी, काठमाण्डौ
मिति :- २०७७ सालपौष २७ गते सोमबार (तदनुसार ११ जनवरी २०२१)
समय :- विहान ११.०० बजे

२. सभाको सूचनाः-
मिति २०७७।०९।०३ गते बसेको यस कम्पनीको संचालक समितिको निर्णय अनुसार सभा हुने स्थान, मिति, समय र वार्षिक साधारण सभामा पेश गरी छलफल गर्ने विषयहरु उल्लेख गरी मिति २०७७।९।१४ र २०७७।९।२० गतेको नयाँ राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको र सम्वन्धित शेयरधनीहरुको ठेगानामा सभाको सूचना पठाइएको व्यहोरा सभालाई अवगत भयो ।

३. गणपूरक संख्या :-
संस्थापक शेयरधनी स्वयं उपस्थित :- ३०.७९ प्रतिशत
संस्थापकको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित :-३८.५१ प्रतिशत
सर्वसाधारण शेधनीको तर्फबाट स्वयं उपस्थित ०.२१ प्रतिशत
सर्वसाधारणको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित :- ० प्रतिशत
कूलशेयर संख्याको उपस्थितिप्रतिशत :-६९.५१ प्रतिशत

माथि उल्लेख भए अनुसारको कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावली को नियम २३ अनुसार गणपूरक संख्याको लागि पर्याप्त छ ।

४ **छलफलका विषयहरु :-**

**(क) समान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूबाट प्रस्तुत आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व. २०७७/७८ को हिसाव किताबको लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा । (आ.व. ०७७/०७८ को हिसाव किताबको लेखा परिक्षण समितिबाट प्रस्तावित वि.आर पाण्डे एण्ड एशोसियटस, चाटर्ड एकाउण्टेण्टस्लाई मु.अ.कर बाहेक रू. २,००,०००।- पारिश्रमिक पाउने गरि नियुक्ती गर्ने प्रस्ताव रहेको छ ।)
४. एक जना स्वतन्त्र र व्यवसायिक संचालकको नियुक्ति गर्ने ।

५. शयेरधनीहरुवाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन गर्ने ।

(ख) विविध

१. कम्पनीको कर्जा सम्वन्धमा कम्पनी ऐन २०६३ को दफा १०५(ख) को प्रयोजनको लागि ऋण समायोजन गर्ने विषेश प्रस्ताव ।
   (क) तादीखोलाजलविद्युतआयोजनाको जम्माकर्जा रु. २८ करोड ३८ लाख
   (ख) मिष्ट्रीखोलाजलविद्युतआयोजनाको जम्माकर्जा ४ अर्व ३९ लाख

५. **उपस्थिती**

क) **संचालकहरुको उपस्थिती :-**

| | |
|---|---|
| श्री सुहृदराज घिमिरे | अध्यक्ष |
| श्री डोलराजशर्मा | संचालक |
| श्री चन्द्र प्रसाद ढकाल | संचालक |
| श्री श्याम सुन्दर खेतान | संचालक |
| श्री मनोहर दास मुल | संचालक |

ख) **अन्यपदाधिकारी तथाआमन्त्रितव्यक्तिहरुको उपस्थिती**

पदाधिकारीः

श्री समबहादुर भट्ट — अधिवक्ता - कम्पनी सचिव

आमन्त्रितः

श्री सुदर्शन राज पाण्डे — फाइनान्सियल कन्सल्टेन्ट (एस्.आर.पाण्डे एण्ड कं.)

श्री रमेश प्रसाद धिताल अधिवक्ता -प्रमुखनिर्वाचनअधिकृत (श्री लिगल प्राक्टिसनर्स फर्म)

६. **सभाको वैधानिकताः-**

आजको यस सभाकम्पनी ऐन २०६३ तथा नियमावली अनुसार अग्रीम सूचना जारी गरी सभा बोलाइएको र यस सभामा आवश्यकताअनुसार शेयर धनि स्वयम तथा प्रतिनिधी मार्फत उपस्थित भई कूल शेयर संख्याको ६९.५१ प्रतिशत शेयरको प्रतिनिधित्व भई कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा नियमावलीको नियम २३ अनुसार आवश्यक गणपुरक संख्याको उपस्थिती रहेकोले यस सभालाई वैधानिक घोषित गरी यस कम्पनीका संचालक अध्यक्ष श्री सहृद राज घिमिरेज्यूको सभापतित्वमा सातौं वार्षिक साधारण सभा सञ्चालन गरियो । आज यस सभामानिम्न प्रस्ताव माथी छलफल गरी निम्नबमोजिम निर्णय भयो ।

**निर्णयहरु**

**क) सामान्य प्रस्ताव सम्वन्धमा**

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कम्पनीको सातौं वार्षिक साधारण सभाको कार्यक्रम संचालन अध्यक्षज्यूको अनुमतिले अधिवक्ता नरेन्द्र गौतमज्यूले गर्नु भयो र कार्यक्रमको क्रममा आशन ग्रहण भयो । उक्त आशन ग्रहण पश्चात यस बार्षिक साधारण सभा समक्ष कम्पनीको संचालक अध्यक्षश्री सुहृद राज घिमिरेज्यूले Virtual माध्यम ZOOM APP मार्फत एक साथ स्वागत मन्तव्य सहित कम्पनीको संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । यस कम्पनीले निर्माण गरिरहेको मिस्त्रीखोला जलविद्युत आयोजना -४२ मे.वा. र निर्माण सम्पन्न भई संचालनमा आएको तादीखोला (थप्रेक) जलविद्युत आयोजना - ५ मे.वा. को समग्र अवस्थाको बारेमा

विस्तृत रुपमा साधारण सभा समक्ष प्रस्तुत गर्नु भएपश्चात अध्यक्षज्यूको प्रतिवेदनमाथि छलफल गरी उक्त संचलाक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने निर्णय भयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ का सम्वन्धमा छलफल हुँदा यस कम्पनीको तर्फबाट साधारण सभा समक्ष पेश हुन आएको लेखा परिक्षणको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आ.ब. २०७६।७७ को आय व्यय हिसाब, नगद प्रवाह विवरण, लेखा संग सम्वन्धित टिप्पणी एवं अनुसूचिहरु लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी उक्त लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, आयव्याय विवरण लगाएतको वित्तिय विवरणहरुलाई पारित गर्ने निर्णय भयो । साथै उक्त कार्यको लागि लेखा परिक्षकज्यूलाई धन्यवाद दिने निर्णय भयो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ का सम्वन्धमा छलफल हुँदा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७७/०७८ को लागि लेखा परिक्षण गर्न लेखा परक्षिक वि. आर. पाण्डे एण्ड एशोसियटस, चार्टर्ड एकाउण्टेण्टस्लाई लेखा परिक्षक नियूक्त गर्नुको साथै निजको पारिश्रमिक मु.अ.कर बाहेक रु. २,००,०००।०० (दुई लाख मात्र) दिने निर्णय भयो । साथै यस कम्पनीले प्राप्ती गरेको आदिशक्ती विद्युत विकाश कम्पनी लि. र रोवष्ट इनर्जी लि. को कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०७५/०४/०९ मा अभिलेख भएको तर आन्तरिक राजश्वकार्यालयबाट स्थायी लेखा नं. खारेज नभएको हुँदा आ. व. २०७६/०७७ सम्मको लेखा परिक्षण प्रतिवेदन बनाई पेश गर्नु पर्ने भएकोले वि. आर. पाण्डे एण्ड एशोसियटस, चार्टर्ड एकाउण्टेण्टस्लाई लेखा परिक्षक नियूक्त गरी प्रति कम्पनी मु. अ. कर बाहेक रु. १५,०००।- का दरले पारिश्रमिक भुक्तानी दिने निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताब नं. ४ का सम्वन्धमा छलफल हुँदा कम्पनी ऐन २०६३ को बमोजिम यस कम्पनीले एक जना स्वतन्त्र संचालक नियुक्ती गर्नु पर्ने भएकोले कम्पनीको साधारण सभामा प्रस्ताव राख्दा यस कम्पनीको एक जना स्वतन्त्र संचालक नियुक्ती गर्ने अधिकार संचालक समितिलाई दिने निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताब नं. ५ का सम्वन्धमा छलफल हुँदा यस कम्पनीको सर्वसाधारण शेयरधनीको तर्फबाट एक जना संचालक नियुक्ती गर्नु पर्ने भएकोले आगामी ४ वर्षको लागि सर्वसाधारण शेयरधनीहरुको तर्फबाट महिला शेयरधनी रचना अधिकारीको मात्र उमेद्वारी परेकोले निर्वाचन अधिकृतले निज रचना अधिकारी निर्विरोध निर्वाचित हुन भएको साधारण सभा समक्ष घोषणा गराउनु भएकोले निजलाई सर्वसाधारण शेयरधनीको तर्फबाट संचाकल पदमा नियुक्ती गर्ने निर्णय पारित गरियो ।

**ख) विविध**

१. विविध अन्तरगतको विषेश प्रस्ताव माथि छलफल गर्दा यस कम्पनीको कर्जा सम्वन्धमा कम्पनी ऐन २०६३ को दफा १०५(ख) को प्रयोजनको लागि ऋण समायोजन गर्ने विषेश प्रस्ताव अन्तरगत नविल बैंक लि. को अगुवाईमा रहेको (क) आदिशक्ती विद्युत विकास कम्पनी लि. अन्तरगत तादीखोला जलविद्युत आयोजनाको जम्मा कर्जा रु. २८ करोड ३८ लाख र (ख) रोवष्ट इनर्जी लि. अन्तरगत रहेको मिष्ट्री खोला जलविद्युत आयोजनाको जम्मा स्वीकृत कर्जा ४ अर्ब ३९ करोड रहेकोमा दवै कम्पनीहरु मिति २०७५।०४।०९ मा कम्पनी रजिष्टारको कर्यालयबाट माउण्टेन इनर्जी नेपाल लि. मा गाभिई हाल माउण्टेन इनर्जी नेपाल लि. कायम रहेकोले उक्त दुई कम्पनीको कर्जा माउण्टेन इनर्जी नेपाल लि. को नाउँमा समायोजन गर्ने विषेश प्रस्ताव पारित गरियो ।